# कमल गाउँपालिका
# सार्वजनिक सुनुवाई प्रतिवेदन
# आर्थिक वर्ष २०८१/२०८२

# अर्धवार्षिक




## २९ चैत्र २०८२

## भिन्न मिडिया एण्ड रिसर्च प्रा. लि.

## दमक, झापा

# कमल गाउँपालिकाको सार्वजनिक सुनुवाई प्रतिवेदन

## १. पृष्ठभूमि :

स्थानीय तह र गाउँपाालिकाका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माााध्यमद्वारा स्थानीय तहका. विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन गरिने सार्वजनिक सुनवाइको आयोजना गरिएको हो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, सुशासन ऐन २०७४, सार्वजानिक जवाफदेहित प्रबर्द्धन कार्यविधि, सार्वजानिक सुनुवाई सम्बन्धी कोशी प्रदेशको कार्यविधिमा भएको व्यवस्था अनुरुप प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका विविध विषयमा जनताहरुलाई सुशासनको प्रत्याभूति दिन र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम् सबल संस्थाको रुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सार्वजनिक सुनवाई कार्यविधि अनुसार सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । स्थानीय तहवाट संचालित विकास कार्यक्रम ,उपलव्ध सेवा ,वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्भमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएको प्रश्न सवालहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्वेवारी गराउनु यसको उद्देश्य रहेको छ ।

कमल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका विविध विषयमा जनताहरुलाई सुशासनको प्रत्याभूति दिन र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम् सबल संस्थाको रुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई हुनुपर्ने व्यवस्था रहेको छ । कमल गाउँपापलिका सँगको सम्झौता अनुसार भिन्न मिडिया एण्ड रिसर्च प्रालि, कमलले २९ चैत्र २०८१ मा सार्वजनिक सुनुवाईको सहजीकरण गरेको थियो ।

## २. सार्वजनिक सुनुवाईको औचित्य:

सार्वजनिक सुनवाई कार्यविधिमा व्यवस्था भए अनुसार नगरपालिकाको गाउँपालिकाको नगरसभाबाट विनियोजित बजेट तथा कार्यक्रमहरुबाट सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक गाँउ सुनुवाई गर्नु पर्ने कुरा उल्लेख भएको छ । कमल गाउपालिकामा आ.व. २०८१।८२ को अर्धवाषिक अवधि सम्ममा सञ्चालन भएका विकास निर्माण कार्यहरु र तीबाट प्राप्त प्रतिफलका बिषयमा नागरिकले थाहा पाउनेछन् । यस्तै आगामी दिनमा नीति तथा कार्यक्रम ल्याउदा, योजना निर्माण गर्दा प्राथमिकिरण र त्यसबाट प्राप्त उपलब्धीको समिक्षा गर्न कार्यक्रमले प्रेरित गर्ने गर्दछ । गाउँबासीका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुनासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका

लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँ पुऱ्याउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउनेछ ।

**३.सार्वजनिक सुनवाई कार्यक्रमको उद्देश्य:**

यस कार्यक्रमको मुख्य उद्देश्य कमल गाँउपालिकाबाट आव २०८१/०८२ मा सञ्चालित योजना र तीनबाट गाँउबासीले प्राप्त गरेका सुविधालाई प्रस्तुत गरिएको थियो । योजनाको अवस्था, कार्यान्वयनको स्थिति, सुशासन र सेवा प्रवाहका बारेमा नागरिकले साक्षात्कारको मौका पाएका थिए । गाँउबाट सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुणासाहरुलाई व्यवस्थापन गर्नु हो । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए:

**क.** कार्यालयबाट सम्पादित सेवा, बस्तु र सुविधाबारेमा सार्वजानिक गर्नु, सूचनाको हकको प्रत्याभूति गराउन,

**ख.** सेवा प्रदायक र नागरिक विच सम्वाद गराइ सेवा प्रवाहलाई सुधार गर्दै विकासका योजनमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउन,

**ग.** गाँउपालिकाले चालु आर्थिक बर्षमा सम्पादन गरेका कामहरुको बारेमा शाखा प्रमुखहरुलाई नागरिक प्रति जवाफदेही बनाउने,

**घ.** आगामी दिनहरुमा गाँउपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु,

**ङ.** आगामी आवमा योजनाको प्राथमिकिरणमा सघाउ पुर्याउन ।

**च.** अघिल्लो सार्वजानिक सुनुवाईमा उठेका बिषयकोको समाधानका प्रयासका बारेमा जानकारी गराउन ।

**४. कार्यक्रमबाट भएका उपलब्धिहरु**

(क) गाँउपालिका र कमल गाउपालिकाबासी बीचको सम्बन्ध अझ राम्रो हुनेछ ।

(ख) आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्यांकन हुने छ ।

ग) दाहोरो सवादले सुशासन कायम राख्न मद्दत गर्ने छ ।

**५. सहजकर्ता छनौट र समन्वय:**

कमल गाँउकार्यपापलिकाको कार्यालयले आयोजना गरेको कार्यक्रमको आवश्यक व्यवस्थापन तथा समन्वय गाउँपपालिकाले गरेको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमको लागि भिन्न मिडिया एण्ड रिसर्च प्रा.लि. गरिएको प्रस्तावना स्वीकृत भएपछि व्यवस्थापनका लागि राजु पोखेललाई जिम्मेवारी प्रदान गरिएको थियो । कार्यक्रमको सन्दर्भमा सहजकर्ताले पालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न शाखाका प्रमुखसंग नियमति समन्वय गर्नु भएको थियो ।

**६. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन:**

स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवाहरु सुविधा र विकासका योजनाहरु कसरी सञ्चालन गरेको छ ? पालिकाले बस्तु तथा सेवा सुविधाहरु कसरी उपलव्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा

प्रवाह गर्नु पर्ने अवस्था छ भन्न कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलव्ध गराएका छन् सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापनतथा संचालन) ऐन, २०६४ सुशासन नियमावली २०६५, सार्वजनिक, सुनुवाई सम्बन्धि कार्यविधि, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन- २०७ ४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्धारा गरिएको थियो ।

**७. नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन तथा प्रतिवेदन तयारी:**

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिन नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत पत्र अनिवार्य संचालन गर्नुपर्ने ब्यवस्था रहेको छ । स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधिको अनुसुचि २ र ३ अनुसारका ढाँचाक्रमश नागरिक प्रतिवेदन र नागरिक अभिमत सहकर्ता संस्था स्वयम्ले संकलन गरि प्रतिवेदन तयार गरेको हो ।

**८. सार्वजनिक सुनवाई कार्यक्रमको विवरण**

(क) सार्वजनिक सुनुवाई कार्यक्रम आयोजक: कमल गाँउपालिका,झापा

(ख) सार्वजनिक सुनुवाई संयोजन गर्ने संस्था: भिन्न मिडिया एण्ड रिसर्च प्रालि, दमक

(ग) सार्वजनिक सुनुवाई कार्यक्रम भएको मिति : २०८१ चैत्र २९ गते शुक्रबार

(घ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको स्थान : तोपगाछी

(ङ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको समय: ११.४५

(च) कार्यक्रम सञ्चालन गरिएको समयावधि: १.४५ घण्टा

(छ) कार्यक्रममा सहभागी संख्या: ८२ जना

(ज) कार्यक्रमको अध्यक्षता : कमल गाँउपालिका अध्यक्ष हुकुमसिंह राई

(झ) नागरिक प्रतिवेदन सर्वेक्षणको सहभागी संख्या: २८५ जना

(ञ) बहिर्गमन अभिमत सर्वेक्षणको सहभागी संख्या: १२० जना

(ट) नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत सम्पादन: सञ्चारकर्मी युवराज विवश

**९. सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएका प्रतिवेदनहरु:**

क) कमल गाउँपालिकाको आर्थिक तथा प्रशासनिक विवरणको प्रगति प्रतिबेदन प्रस्तुतकर्ता प्रमुख प्रशासकीय अधिकृत केशबकुमार ढकाल

ख) नागरिक प्रतिवेदनको प्रस्तुतकर्ता सहजकर्ता बाबुराम निरौला

ग) बहिर्गमन अभिमत प्रतिवेदनको प्रस्तुतकर्ता सहजकर्ता बाबुराम निरौला

**१०. सार्वजनिक सुनुवाईमा छलफल गरिएका विषयवस्तुहरु:**

शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी, सूचना, रोजगार, कृषि क्षेत्र, गाउँपालिकाको भौतिक पूर्वाधार तथा विकास निर्माण, आय व्यय, सुशासन, अव्यवस्थित बसोबास ।

**११. सार्वजनिक सुनवाई कार्यक्रममा भएको उपस्थिति:**

यस कार्यक्रममा कमल गाँपपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्धवार्षिक अवधिमा सम्पादन गरिएका विकास निर्माण कार्य र नगरपालिकाले पुऱ्याएको सेवा सुविधाका बारेमा सार्वजनिक सुनुवाई गरिएको थियो । गाउँपालिकाका सम्पूर्ण बस्तीहरु, टोल विकास संस्थाका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, उपभोक्ता समिति, सामुदायिक विकास संस्था, विद्यालयहरु, सहकारीहरु, आमा समूहहरु, सामुदायिक वन उपभोक्ता समितिहरु, महिला समूहहरु, दलित उत्थान समूहहरु, व्यावसायीहरु, शिक्षक, बुद्धिजीवीहरु तथा गाउँपालिकाका विषयगत शाखाहरुलाई सार्वजनिक सूचना मार्फत आमन्त्रण गरिएको थियो । सो मध्येका सबै प्रतिनिधि गरी करिब ८२ जनाको उपस्थिति भएको थियो । यसको विवरण तल उल्लेख छ ।

**१२. सार्वजनिक सुनवाई कार्यक्रमको पहिलो सत्र:**

यस कार्यक्रमको पहिलो सत्र देहाय अनुसार सञ्चालन भएको थियो ।

-सञ्चालन: बाबुराम निरौला

क) अध्यक्षता ग्रहण कमल गाउँपालिका अध्यक्ष श्री हुकुमसिंह राई

ख) पदाधिकारीहरुको आसन ग्रहण

- उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी
- प्रमुख प्रशासकीय अधिकृत केशब कुमार ढकाल
- गाउँपालिकाका सबै वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु
- सरोकारवाला कार्यालयका प्रमुखहरु,
- राजनीतिक दलका प्रमुखहरु
- कार्यालयका कर्मचारीहरु
- उपस्थित सबै जनसमुदायहरु

ग) राष्ट्रिय गान: सामुहिक

ङ) स्वागत मन्तव्य: उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी

च) गाँउपालिकाको सेवाप्रवाह सम्बन्धी प्रस्तुति प्रमुख प्रशासकीय अधिकृत केशबकुमार ढकाल

**१३. सार्वजनिक सुनवाई कार्यकमको दोश्रो शत्र**

क) सार्वजनिक सुनवाई सहजीकरण गर्ने भिन्न मिडिया एण्ड रिसर्च प्रालिका तर्फबाट बाबुराम निरौलाले सार्वजनिक सुनवाई कार्यक्रममा पालना गर्नु पर्ने आचारसंहिता बारे जानकारी प्रस्तुत ।

ख) कार्यविधि बमोजिमको नागरिक प्रतिवेदन (Citizen Report Card) र बहिर्गमन अभिमत (Exit Poll) सेवा प्रवाह सम्बन्धि गरिएको अध्ययनबाट प्राप्त भएको विवरण अनुसार तयार पारेको प्रतिवेदनको प्रस्तुति

**११. सार्वजनिक सुनुवाई कार्यक्रमको तेस्रो सत्र**

क) प्रश्न उत्तर तथा छलफल: सहभागीबाट प्रश्न राख्ने ।

ख) प्रश्न सहभागीबाट आएका जिज्ञासाको उत्तर निम्न महानुभावले दिनुभएको थियो:

१) कमल गाउँपालिका अध्यक्ष हुकुमसिंह राई

२) कमल गाउँपालिका उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी

३) कमल गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत केशबकुमार ढकाल

घ) गाउँपालिका अध्यक्ष हुकुमसिंह राईबाट सभा विसर्जन

**कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु:**

| क.स. | प्रश्न गर्ने वा सुझाव दिनेको नाम, थर, ठेगाना | सहभागीको प्रश्न, गुनासो, सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | देबु चापागाईं कमल ३ | समाजले असहयोग गरेका कारण मैले धान झार्न पाइन । जग्गाको जोतभोग लिन पाइन, समाधानका लागि प्रयास गरिदिनु पर्यो । | प्रमिला न्यौपाने तिवारी, उपाध्यक्ष कमल गाउँपालिका<br><br>अग्नीप्रसाद कोइराला वडा अध्यक्ष कमल ३ | -हामीले समाजिक रुपमा समस्या समाधानका लागि कोशिष गरिएको हो । तर टुगोमा पुगिएन । अदालतमा विचराधिन मुद्दा भएकाले मुद्दाका बिषयमा थप कुरा भएन । धान उठाउने बिषयमा एक पटक छलफल भएको थियो ।<br>-उहाँको समस्या समाधानका लागि ट्याक्टर लैजाने व्यवस्था समेत गरिएको हो । तर त्यसपछी समस्या उस्तै छ, उहाँले तदारुकता दिनुपर्यो । हामी समस्या समाधानका लागि लागेका छौ । |

| | | | | |
|---|---|---|---|---|
| २ | एलबी तामाङ कमल ५ | निर्माणाधिन एसियन हाइवेले लभ डाडाँदेखि तलको सडक सबै बन्द गर्ने भयो, सडक खुलाउनका लागि पालिकाले प्रयत्न गरिदिनुपर्यो । | हुकुमसिंह राई, अध्यक्ष, कमल गाउँपालिका | - एसियन हाइवे निर्माण पक्ष सँग हामी कुराकानी गर्ने छौ । कहाँ कहाँ पुराना सडकहरुको अवस्थाका बिषयमा जानकारी लिने छौ । सडकको अवस्थाका बिषयमा कहाँ कहाँ समस्या हुने र देखिएको छ, त्यसमा समाधानको प्रयत्न गरिने छ । यो समन्वय हप्ता दिन भित्र सक्ने छौ । |
| ३. | खेमराज खनाल, कमल ४ | - वडा नम्बर ४ मा डेढ महिना यता कम्प्युटर अपरेटर रिक्त छ । त्यसका कारण योजना सम्झौता गर्न र अरु काम गर्न समेत समस्या छ । त्यसको समाधान गरिदिन पर्यो । जुस उद्योगका कारण विद्युतको आपूर्तिमा समस्या छ । ठूला सबारी साधन आउदा सडक र विद्युत अबरुद्ध हुने गरेको छ । | केशवकुमार ढकाल, प्रमुख प्रशासकीय अधिकृत<br><br>हुकुमसिंह राई, अध्यक्ष | - अहिले कम्प्युटर अपरेटर नियुक्ति गर्नका लागि कानूनी रुपमा अप्ठ्यरो छ । भएकालाई समेत हटाउन भनेर भनिसकेको अवस्था छ । वडामा ओएनएम अनुसारकै कर्मचारीको दरबन्दी अनुसार कर्मचारी छन् । अपुग भए फेरि ओएनएम गरेर कानुनी प्रकृया पुरा गरि प्रदेश लोकसेवा सँग माग गरिने छ ।<br>- फ्रुटी फ्याक्ट्री सँग कुरा गरेका छौ । विद्युत प्राधिकरण सँग पनि कुरा गरेका छौ । साह्रै समस्या देखिएको छ । साझेदारीमा समाधान गर्ने कि भन्ने दिशामा समेत छलफल अघि बढेको छ । तत्काल समाधान गर्ने गरि कदम अघि चाल्ने छौ । |
| ४. | उमाकान्त निरौला कमल ३ | जंगली हात्तीका कारण ठूलो दुख व्यहोर्नुपरेको छ । हात्ती नियन्त्रणका लागि सुरक्षा उपकरण माग गर्दा समेत पाइएन । अध्यक्ष ज्यूलाई क्षतिको अवलोकन गरिदिन आग्रह गरेका थियौ, आइदिनु भएन । | हुकुमसिंह राई, अध्यक्ष | - कमल गाउँपालिकाका ३,४ र ५ नम्बर वडालाई हात्तीले साह्रै दुख दियो । दिर्घकालीन समस्या समाधानका लागि प्रधानमन्त्री सँग समेत माग गरेका छौ । हात्ती भगाउनका लागि लाइट र साइरनको व्यवस्थ ागर्ने छौ । त्यसबेला सबै तिर समस्या भएका |

| | | | | |
|---|---|---|---|---|
| | | | | कारण तत्काल रेस्पोन्स गर्न सकिएन, अब निरन्तर क्षतिको विवरण संकलन गरि अस्थायी व्यवस्थापनमा जुटने छौ । |
| ५. | टिकाराम सुवेदी कमल २ | सडकको मापदण्ड स्थानै पिच्छे फरक फरक पर्यो । क्याम्पा चौकमा सडकमा घर बनेका छन् । कमल नगर अस्पताल सम्म पुग्ने सडक किन कालोपत्रे भएन ? | हकुमसिंह राई, अध्यक्ष, कमल गाउँपालिका | -दही चौक जिवन चौकको सडक ठूलो मिहेनत पछी बनेको हो । स्थानीय ठाउँमा समझदारी गरेर नै सडक निर्माण गर्नुपर्छ । त्यसमा सरोकारवालासँग छलफल गरेर नै अघि बढ्ने छौ । अस्पताल सम्म पुग्ने सडक बनाउन पर्ने त हो, तर सिमिति स्रोतका कारण हामीले कालोपत्रे गर्न सकेका छैनौ, अब त्यसलाई पनि प्राथमिकतामा राख्ने छौ । |
| ६. | सोमनाथ भण्डारी कमल ६ | गोहाबारी चौकदेखि मन्दिर सम्म पुग्ने सडकमा बिजुलीका तारहरु लच्केका छन् । दुर्घटना हुन सक्छ, त्यसको व्यवस्थापन होस् । अध्यक्ष ज्यूबाट स्थलगत रुपमा अनुगमन गरियोस् । कमल ६ को पश्चिम तिर किन पूर्वाधार विकासमा ध्यान पुगेन ? | हकुमसिंह राई, अध्यक्ष, कमल गाउँपालिका | -हाम्रो ध्यानाकर्षण भएको छ । स्थलगत रुपमा त्यहाँको अवस्थाको अध्ययन गरिने छ । जोखिम रहेको क्षेत्रमा के कसरी काम गर्न सकिनेछ विद्युत प्राधिरणसँग छलफल गरेर छिटै कार्यान्वयनमा लगिने छ । |

## १२. सार्वजनिक सुनुवाई गर्न अपनाएका विधिहरुः

क) सार्वजनिक सुनुवाई कार्यविधि र आचारसंहिता पालना
ख) नागरिक प्रतिवेदन, बहिर्गमन अभिमत
ग) सामाजिक सञ्जाल, टेलिफोन र अन्य सञ्चारमाध्यमबाट प्रचार प्रसार
घ) गाँउबासी टोलविकास संस्थाहरु, उद्योगी व्यवसायीहरु, शिक्षक बुद्धिजीवी, किसान, तथा विभिन्न संघ संस्थालाई कार्यक्रम बारे सार्वजनिक सूचना
ङ) वडा स्तरमा भेला तथा छलफल

## १३. सार्वजनिक सुनवाई कार्यक्रमबाट भएका सिकाइहरु

यस कार्यक्रमबाट देहायका कुराहरुको सिकाइ भएको छ ।
- सार्वजनिक सुनुवाईबाट जनताको समस्यालाई नजिकैबाट बुझ्न सकियो ।

- सार्वजनिक सुनुवाइ कार्यक्रममा गाउँबासीको उल्लेख्य उपस्थितिको लागि बृहत रुपमा प्रचार प्रसार गर्नु पर्ने सिकाइ भएको छ ।
- यस प्रकारको सुनुवाईको व्यवस्था नियमित रुपमा हुँदा गाँउपालिकाको कार्य सम्पादनमा सहयोग पुग्ने ।
- यस प्रकारको कार्यक्रमले सही अर्थमा पारदर्शीता कायम गर्न सफल हुने ।
- जनगुनासोहरुको सुनुवाई गर्ने उपयुक्त थलोका रुपमा यो माध्यम उपयुक्त भएको ।

## नागरिक प्रतिवेदन पत्र

### प्रस्तुतकर्ता: बाबुराम निरौला

सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यविधि अनुसार हामीले गाँउपालिकाको विभिन्न वडाका नागरिकसँग प्रत्यक्ष रुपमा कुराकानी गरी नागरिक प्रतिवेदन तयार पारेका छौं । नागरिक प्रतिवेदन पत्र भन्नाले सेवाग्राहीले गाँउपालिकाबाट सेवा लिँदा प्रत्यक्ष रुपमा भोगेर देखेका कुराहरुलाई समेटेर तयार पारेको प्रतिबेदन हो । हामीले कमल गाँउपालिकाका विभिन्न वडाका नागरिकहरुसँग कार्यविधिमा उल्लेखित प्रश्नावली अनुसार १६० जना नागरिकसँग प्रत्यक्ष कुराकानी गरेर प्रतिवेदन फारम भरेका छौं । यसमा महिला, दलित, जनजाति, बालबालिका, तथा पिछडा वर्गलाई समेत समेटेर प्रतिवेदन तयार पारेका छौं । सो प्रतिवेदन यस प्रकार रहेको छ ।

कमल गाउँपपालिका कमल, झापा
नागरिक प्रतिवेदन पत्र (Citzen Report Card)
प्रश्नावली भाग -१

| सि.नं. | सेवाको नाम | सोधिएका प्रश्न | सेवाको मूल्यांकन प्रतिशतमा | | |
|---|---|---|---|---|---|
| १ | सेवाको सन्तुष्टि | तपाईंले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनुभयो ? | सन्तुष्ट ९ %) | ठीकै (७३ %) | असन्तुष्ट (१८%) |
| | | सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाईं कतिको सन्तुष्ट | सन्तुष्ट (१२ %) | ठीकै (६९ %) | असन्तुष्ट (१९%) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | हुनुहुन्छ ? | | | |
| २ | सेवाको नियमितता | नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईंले प्राप्त गर्नुपर्ने सेवामा लागेको समयप्रति कतिको सन्तुष्ट हुनुहुन्छ । | सन्तुष्ट (२० %) | ठीकै (५१ % ) | असन्तुष्ट (२९ %) |
| | | कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त (२१ %) | ठीकै (५९ %) | अविश्वस्त(२० %) |
| | | तपाईंले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नुभयो ? | तिरेको छैन (९३ %) | एकदमै कम (६ %) | धेरै तिरेको (१ %) |
| | | यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औषत कति दिन लगाउने गरेको छ ? | १ दिन (३५ %) | २ दिन(४१ %) | धेरै दिन (२४ %) |
| ३ | सेवाप्रतिको जनविश्वास | यस संस्थाले दिने सेवाप्रति तपाइँ कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त (३५ %) | ठीकै (४७ %) | अविश्वस्त (१८ %) |
| | | यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई | धेरै (४ %) | ठीकै (२३ %) | गरेको छैन (७३ %) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कतिको प्रचार गर्नुभएको छ ? | | | |
| | | यस संस्थामा कार्यरत कर्मचारीप्रति तपाईको विश्वास कत्तिको छ ? | धेरै (२८ %) | ठीकै (४६ %) | विश्वास छैन (२६ %) |
| | | यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनुभएको छ ? | छ (२४ %) | छैन (३५ %) | अलिअलि थाहा छ (४१ %) |
| ४ | सेवाको गुणस्तर | यस कार्यालयबाट सेवा लिँदा कार्यालयले दिएको जानकारीबाट कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट (६९ %) | कम सन्तुष्ट (१५ %) | असन्तुष्ट (१६ %) |
| | | तपाईं यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ? | आफैं (८३ %) | गाउँका ठूलाबडाको (६ %) | मध्यस्थकर्ता (११ %) |
| | | यस कार्यालयमा तपाईंले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ? | १ पटक (४१ %) | २ पटक (३२ %) | सोभन्दा बढी (२७ %) |
| ५ | सेवा सम्बन्धी जानकारी | कार्यालयको भौतिक अवस्था कस्तो छ ? | अति राम्रो (९५ %) | ठीकै (४ %) | नराम्रो (१ %) |
| | | कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईंलाई जानकारी छ ? | छ (५६ %) | आंशिक जानकारी छ (१७ %) | कुनै जानकारी छैन (२७ %) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कार्यालय र सेवाग्राहीबीचको सम्बन्ध कस्तो छ ? | अति राम्रो (३२ %) | ठीकै (६४ %) | खासै राम्रो छैन (४ %) |
| | | सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ? | २० प्रतिशतजति (४३ %) | ५० प्रतिशतभन्दा माथि (२८ %) | थाहा छैन (२९ %) |
| ६ | नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा | तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ? | धेरै (९%) | कम (३७ %) | गरेको छैन (५४ %) |
| | | तपाईंको विचारमा सेवा प्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेजस्तो लाग्छ ? | धेरै (२६ %) | ठीकै (४३ %) | अतिकम (१७ %) |
| | | तपाईंको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ? | धेरै भएको छ (६ %) | ठीकै भएको छ (४० %) | भएकै छैन (५४ %) |

## बहिर्गमन अभिमत

कमल गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट सेवा, वस्तु तथा सुविधा प्राप्त गरी बाहिरिएका नागरिकमध्येबाट नमूना छनोट गरी बहिर्गमन सूचना संकलन गरियो । यसमा पुरुष, महिला, विभिन्न जातजातिको प्रतिनिधित्व गरिएको थियो ।

**बहिर्गमन अभिमतबाट प्राप्त प्रतिक्रिया:**

| सि.नं. | सेवाको नाम | मूल्याङ्कन | | |
|---|---|---|---|---|
| १ | सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईँलाई स्पष्ट जानकारी भयो | अति स्पष्ट (२५ प्रतिशत) | ठीकै (५९ प्रतिशत) | अस्पष्ट (१६ प्रतिशत) |
| २. | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै (१७ प्रतिशत) | ठीकै (२८ प्रतिशत) | थोरै (५५ प्रतिशत) |
| ३. | तपाईँप्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण (४७ प्रतिशत) | ठीकै (५१ प्रतिशत) | अभद्र/ अमर्यादित (२ प्रतिशत) |
| ४. | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु बारे तपाईँलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | स्पष्ट गरिदिए (३९ प्रतिशत) | ठीकै (५२ प्रतिशत) | अलमल हुने गरी अस्पष्ट सूचना दिए ( १३ प्रतिशत) |
| ५. | तपाईँले राख्नुभएका समस्यालाई के कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए (२७ प्रतिशत) | ठीकै (६५ प्रतिशत) | समाधान दिन सकेनन् (८ प्रतिशत) |
| ६. | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ? | अति सजिलो (१८ प्रतिशत) | ठीकै (६७ प्रतिशत) | लामो र झन्झटिलो (१५ प्रतिशत) |

**बहिर्गमन अभिमतबाट आएका गुनासा तथा सुधार गर्नुपर्ने पक्षहरु:**

१) योजना निर्माणमा प्राथमिकिरण गरिनुपर्ने, योजना बैंकका आधारमा बजेट बिनियोजन गरिनुपर्ने ।
२) नागरिक वडापत्र राख्नुपर्ने, सुझाव पेटिकाका सुझाव कार्यान्वयन गरिनुपर्ने ।
३) बहाल करलाई व्यवस्थि तगर्ने, अनिवार्य रुपमा व्यवसाय दर्ताको व्यवस्था गर्नुपर्ने ।
४) कमल अस्पतालको व्यवस्थापन गरिनुपर्ने, अस्पतालको भौतिक सुधार गरिनुपर्ने ।
५) कमल अस्पतालमा नियमित रुपमा पाइने औषधीको व्यवस्था गरिनुपर्ने । ।

६) नदी नियन्त्रणलाई प्रभावकारी रुपमा काम गरिनुपर्ने ।
७) कृषकलाई मलको समस्या रहेको र मल बिउ वडाबाटै वितरण हुनुपर्‍यो ।
८) हेल्प डेस्क प्रभावकारी बन्न नसकेको ।
१०) जनप्रतिनिधि कार्यालयमा समयमै आउनुपर्‍यो ।
११) पार्किङकको समस्या व्यवस्थापन गरिनुपर्ने ।
१२) वडा कार्यालयमा आवश्यक प्राविधिक कर्मचारीको व्यवस्थापन हुनुपर्‍यो ।

## कार्यक्रमको सवल पक्षहरु :

- गाँउपपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु सहभागितामा कार्यक्रम संचालन गरिएको ।
- आर्थिक वर्षको वार्षिक प्रगति समिक्षा भौतिक तथा बित्तीय प्रगति प्रस्तुत गरिएको ।
- नागरिकहरुले गरेका प्रश्नहरुको जवाफदेही वक्ताहरुबाट चित्त बुझ्दो जबाफ दिईएको ।
- स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- वडा तह सम्म पुगेर नागरिकको गुनासोहरु लिएको ।
- नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाई सम्बन्धि सुचना सञ्चालन माध्यम र समाजिक सञ्जालबाट प्रशारण तथा प्रकाशन गरिएको ।
- नागरिक प्रतिवदेन र बर्हिगमन अभिमत प्रस्तुत गरिएको ।

# निष्कर्ष

कमल गाँउपालिकाको सार्वजानिक सुनुवाईले नागरिकको गुनासा र आवश्यकताको विषयमा जानकारी गराएको छ । वडा कार्यालयले गरेको कार्यक्रमबाट सुशासन, जनताप्रति उत्तरदायी, जवाफदेही र नागरिकको भावना अनुरुप उत्प्रेरणा जगाइ वडामा सुशासन र जनता प्रति जवाफदेही रहन सो कार्यक्रम कोसेढुगाँ बन्ने विश्वास लिइएको छ ।

गाउँपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । कमल गाउँपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले भूमि व्यवस्थापन, खानेपानी समस्या, सडक पूर्वाधार, शिक्षा, कृषिको बजारीकरण, फोहर व्यवस्थापन, पर्यटन क्षेत्रको प्रबर्द्धन, संरक्षण र बिकास, राशायनिक मलको उपलब्धता, लागुपदार्थ दुर्व्यसनी, लगायत विषयमा प्रश्न, चासो र जिज्ञासा सहित सुझाव दिएका थिए । गाँउपालिकाका अध्यक्ष,उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, शाखा प्रमुख, पत्रकार लगायतको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको उल्लेख्य सहभागीता रहेको थियो । सहभागी नागरिकहरुले गाउँपालिकाले निरन्तर सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्न सुझाव दिएका थिए । कार्यविधिले व्यवस्था गरे अनुरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने

देखिन्छ । यसरी सञ्चालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा विभिन्न सरोकारवाला निकाय र नागरिकको उपस्थिति बृद्धि संगै वडा स्तरमा समेत सार्वजनिक सुनुवाई कार्यक्रम नियमित गर्न सक्दा कार्यक्रमको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

कार्यविधिले ब्यवस्था गरे अनुरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । यसरी सञ्चालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा विभिन्न सरोकारवाला निकाय र नागरिकको उपस्थिति बृद्धि संगै वडा स्तरमा समेत सार्वजनिक सुनुवाई कार्यक्रम नियमित गर्न सक्दा कार्यक्रमको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।



न निरंकुश गणतन्त्र, न निरंकुश राजतन्त्र

सिद्धी अर्याल

पृष्ठ २

जि.प्र.का.झापा द.नं.६९। ०५/७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फो.नं.: ०२३-५७५४०८

**सटर बिक्रीमा**

दमक बजारस्थित शंखधर चोकको नमुना मार्गमा चलिरहेको **ॐ गणेश ज्वेलरी (सुनपसल)** को डेकोरेशनसहित कोठा बिक्रीमा छ । इच्छुकले सम्पर्क राख्नुहोला ।

सम्पर्क नम्बर :
९८५२६७०१७०/९८१३२८६६२७



❑ वर्ष-२० ❑ अंक - १०४ ❑ २०८१ चैत्र ३० गते शनिबार ❑ Saturday 12 Apr. 2025 ❑ मूल्य ७ /-


## संक्षेपमा

### एउटै वडामा २ दर्जन क्षयरोगी

महोत्तरीको बलवान नगरपालिकाको एउटै वडामा २५ जना क्षयरोगका सङ्क्रमित भेटिएका छन्। यहाँको वडा न ११ धमौरा गाउँमा २५ जनामा क्षयरोगको सङ्क्रमण फेला परेको जनस्वास्थ्य कार्यालयका स्वास्थ्यकर्मी प्रतिभा सिंहले जानकारी दिइन् । धमौरा स्वास्थ्यचौकी इन्चार्ज वीरेन्द्र महतोले यहाँ १७ देखि ७४ वर्ष उमेर समूहका व्यक्तिमा क्षयरोगको सङ्क्रमण देखिएको बताए उनका अनुसार सङ्क्रमितमध्ये ८० प्रतिशत स्थानीय मुस्लिम समुदाय र बाँकी अन्य जातजातिका रहेका छन्।

### बरालको राजीनामा स्वीकृत

प्रधानमन्त्री केपी शर्मा ओलीको दबाब र प्रभावमा काम गर्न नसकेको भन्दै राजीनामा दिएका त्रिभुवन विश्वविद्यालयका निवर्तमान उपकुलपति प्रा.डा. केशरजंग रायमाझीले ढिलो गरी स्वीकृत भएको राजीनामा स्वीकृतबाट प्रधानमन्त्री खुशी रहेको टिप्पणी गरेका छन् । उनले भने-राजीनामा स्वीकृत गर्न पाएपछि प्रधानमन्त्री खुसी हुनुभयो होला । राजीनामा दिएपछि पनि फर्काउलान् वा अस्वीकृत गर्लान् भन्ने आफूले सोच्दै नसोचेको उनले बताए । हस्तक्षेप भएको भन्दै बरालले गत १५ चैतमा राजीनामा दिएका थिए। दुई सातापछि राजीनामा स्वीकृत भएको हो।

### नाकामा सुरक्षा जाँच कार्ड

कोशी प्रदेशले २०८२ साललाई पर्यटन वर्ष घोषणा गरेपछि भारतीय पर्यटकको सहजताका लागि भन्दै नाकामा सुरक्षा जाँच कार्ड बाँड्ने भएको छ । पर्यटकका सवारीलाई सीमा नाकाबाहेक बाहिर सुरक्षा जाँच नगर्ने गरी नाकामा सुरक्षा जाँच र रूट परमिट कार्ड शुक्रबारबाट वितरण थालिएको हो । पर्यटन वर्ष मनाउने घोषणा गरेको सरकारले पर्यटक भित्र्याउनका लागि रूट परमिट र सुरक्षा जाँचको कार्ड बाँड्ने योजना ल्याएको हो । चैत २७ गतेबाट सुरू कोशीको पर्यटन वर्षमा १० लाख पर्यटक भित्र्याउने प्रदेश सरकारको लक्ष्य छ ।

### मृतकको पहिचान खुल्यो

इलाममा ट्र्याक्टर चोरी गरी लैजाँदै गर्दा दुर्घटनामा परेर मृत्यु भएका व्यक्तिको पहिचान खुलेको छ । मृतक इलाम नगरपालिका वडा न १० बस्ने ४३ वर्षीय धनबहादुर राई भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । इलाम-७ का ईश्वर राईले बाटोमा पार्किङ गरी राखेको को.१ त ७३४१ नम्बरको ट्र्याक्टर बुधवार राति १०.५० बजे लिएर जाँदै गर्दा दुर्घटनामा परी राईको मृत्यु भएको हो ।

## चैत्र १५ को घटनालाई लिएर निरन्तर पक्राउ

- **युवासंघ उक्साएर तीनकुने घटना भएको : प्रधान**
- **प्रसाईलाई १२ दिन हिरासतमा राख्न अदालतको आदेश**

दमक/ तीनकुनेमा चैत्र १५ गते राजापक्षबाट भएको प्रदर्शनका क्रममा घटेको घटनालाई लिएर पक्राउ गर्ने क्रम निरन्तर कायम छ । उक्त प्रदर्शनका कमाण्डरको रूपमा रहेका दुर्गा प्रसाई फरार रहेका थिए । उनले भारतीय प्रहरीसमक्ष आत्मसमर्पण गरेपछि नेपाल प्रहरीले पक्राउ गरेको बताएका छन् ।

यता प्रहरीले पनि विभिन्न स्थानमा भएको खोजतलासबाट पत्ता लगाएर पक्राउ गरी शुक्रबार काँकडभिट्टा नाका हुँदै प्लेनबाट काठमाडौं पुर्‍याएको छ । प्रसाईलाई १२ दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ । जिल्ला अदालत काठमाडौंका न्यायाधीश शिशिरराज ढकालको इजलासले प्रसाईलाई १२ दिन हिरासतमा राख्न अनुमति दिएको हो । प्रसाईलाई प्रहरीले कम्तीमा १२ दिन हिरासतमा राखेर अनुसन्धान गर्नका लागि माग गरेको थियो । सोहीअनुसार ढकालको इजलासले म्याद थपको अनुमति दिएको हो ।

प्रसाईलाई शुक्रबार झापाको भद्रपुर विमानस्थल हुँदै बुद्ध एअरको जहाजबाट काठमाडौं ल्याइएको हो । सरकारी वकिलको कार्यालयमा बयान लिएपछि प्रसाईलाई अदालत लगिएको थियो । प्रसाई यही चैत १५ गते तीनकुनेको प्रदर्शनस्थलबाट फरार भएका थिए । उनले बिहीबार भारतको आसाम प्रहरीसँग आत्मसमर्पण गरेका थिए । भारतीय प्रहरीले उनलाई काँकडभिट्टा ल्याएर नेपाल प्रहरीलाई बुझाएको थियो ।

यसैबीच, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद ध्रुवबहादुर प्रधानले युवा सङ्घलाई प्रधानमन्त्री केपी शर्मा ओलीले उक्साएर तीनकुने घटना गराएको आरोप लगाएका छन् । उनले सो घटनाको जिम्मा सरकारले लिनुपर्ने बाँकी ८ पेजमा

### तीनकुने घटनाको छानविन गर्न महासंघको माग

दमक/ नेपाल पत्रकार महासंघले तीनकुने हिंसात्मक घटनामा पत्रकार सुरेश रजकको जलाएर हत्या गरिएको लगायत प्रेस स्वतन्त्रता हननका सम्बन्धमा निष्पक्ष र स्वतन्त्र छानबिनका लागि राष्ट्रिय मानव अधिकार आयोग समक्ष माग राखेको छ ।

महासंघका उपाध्यक्ष उमिद बागचन्दको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले शुक्रबार आयोगका अध्यक्ष तप बहादुर मगरसहितका पदाधिकारीहरूलाई भेटेर यही चैत १५ गते तीनकुनेमा भएको हिंसात्मक घटनामा पत्रकार हत्या तथा आक्रमण, सञ्चारगृहमा भएको आगजनी र तोडफोडको स्वतन्त्र छानबिनका लागि आयोगलाई आग्रह गरेको हो ।

त्यस अवसरमा आयोगका अध्यक्ष मगरले आयोगले तीनकुने घटनाको छानबिन गरिरहेकाले पत्रकार मारिएको र प्रेस स्वतन्त्रता हननका घटनाको निष्पक्ष छानबिन हुनेमा ढुक्क रहन अनुरोध गरे ।

## कमल गापामा सार्वजनिक सुनवाई




कमल । झापाको कमल गाउँपालिकाले शुक्रबार सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न गरेको छ । गाउँपालिकाको आयोजना र भिन्न मिडिया एण्ड रिसर्च प्रा. लि. को प्राविधिक सहयोगमा गाउँपालिका २ स्थित कमलेश्वरी सहकारी संस्थाको सभाहलमा सो कार्यक्रम आयोजना भएको हो ।

गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईको अध्यक्षतामा आयोजित सो कार्यक्रममा उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीले स्वागत मन्तव्य राखेकी थिईन् । प्रमुख प्रशासकीय अधिकृत केशव कुमार ढकालले गाउँपालिकाको तर्फबाट चालु आर्थिक वर्षमा भए गरेका कार्यक्रमको संक्षिप्त गतिविधिका प्रस्तुत दिएका थिए ।

कार्यक्रमको दोश्रो चरणमा सहभागीका तर्फका जिज्ञासा संकलन गरिएको थियो । जसमा सहभागीका तर्फबाट देबु चापागाईं, एल वि तामाङ, ख्यामराज खनाल, उमाकान्त निरौला, सोमनाथ भण्डारी लगायतले सडक, विद्युत, जङ्गली हात्तीको समाधान, स्वास्थ्य र कर्मचारी व्यवस्थापन लगायतका विषयका जिज्ञासा राखेका थिए । सहभागीका तर्फबाट राखिएका जिज्ञासाको गाउँपालिका अध्यक्ष हुकुमसिंह राई, उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी र प्रमुख प्रसाशकिय अधिकृत केशव कुमार ढकाल, ३ नम्बर वडा अध्यक्ष अग्निप्रसाद कोईरालाले जवाफ दिएका थिए । कार्यक्रममा राजनीतिक दलका तर्फ बाट नेपाली काङ्ग्रेसका विरभद्र पोखेलले सकारात्मक सुझाव दिए ।

## उच्च अदालतको फैसला विरुद्ध रविको रिट सर्वोच्चमा

दमक/ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई थुनामा पठाउन उच्च अदालत तुलसीपुरको आदेश बदरको माग गर्दै सर्वोच्च अदालतमा रिट परेको छ । रवि पत्नी निकिता पौडेलले उच्च अदालतको आदेश बदरको माग गर्दै सर्वोच्चमा रिट दर्ता गरेकी हुन् ।

सहकारी ठगी मुद्दामा रवि लामिछानेलाई चैत २२ गते अदालतले थुनामा पठाउन आदेश दिएको थियो।सहकारी ठगी र संगठित अपराध मुद्दामा जिल्ला अदालत रूपन्देहीले एक करोड रूपैयाँ धरौटीमा छाड्ने आदेशलाई उच्च अदालत तुलसीपुरले उल्टाउँदै पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो ।

उक्त आदेश बदरको माग गर्दै लामिछानेले बाहिरबाटै मुद्दा लड्न पाउनुपर्ने माग गरेका छन्। गत माघ ६ गते जिल्ला सरकारी वकिल कार्यालय रुपन्देहीले बुटवलस्थित सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको रकम ठगी प्रकरणमा सभापति लामिछाने समेतलाई प्रतिवादी बनाउँदै जिल्ला अदालत रुपन्देहीमा मुद्दा दायर गरेको थियो। उक्त आदेश आएको केही घन्टामै लामिछाने पक्राउ परेका थिए । लामिछाने अहिले थुनामै छन् ।

## सरकार र शिक्षक महासंघबीच वार्ता जारी

दमक/ सरकार र शिक्षक महासंघबीच वार्ता चलिरहेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा सरकार र नेपाल शिक्षक महासंघका पदाधिकारीबीच वार्ता भइरहेको हो ।

बिहीबारको वार्ता सकारात्मक भएपछि शुक्रबार पनि दुवै पक्षले सहमतिको बिन्दु खोजिरहेका छन् । मन्त्रालय स्रोतका अनुसार शुक्रबारको वार्तामा शिक्षामन्त्री विद्या भट्टराई सहभागी छैनन् ।

मन्त्री भट्टराई विद्यालय शिक्षा विधेयकमा दफावार छलफलमा भएकाले शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक कृष्णप्रसाद काप्रीको नेतृत्वमा वार्ता बसिरहेको हो । शिक्षकको तर्फबाट महासंघ सहअध्यक्ष नानुमाया पराजुलीको टिम सहभागी छ । 'बिहीबार पनि छलफल भएको छ । सकारात्मक छ । शुक्रबार पनि छलफल भएको छ ।,' शिक्षामन्त्रालय स्रोतले भन्यो । कानुन निर्माणबाहेक तत्काल शिक्षा मन्त्रालय बाँकी ८ पेजमा

## महिलाको हत्यामा परिवारकै चार पक्राउ

इटहरी/सुनसरीको धरान-६ पानवारीस्थित पाँचकन्या जङ्गलमा मृत भेटिएकी चुनकुमारी दाहाल बुढाथोकीको हत्यामा संलग्न ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार पर्नेमा मृतकको देवर, देवरानी, नन्द र एक सहयोगी रहेका छन् । पक्राउ पर्ने अर्का व्यक्तिबारे भने प्रहरीले परिचय खुलाएको छैन । उनीहरूलाई प्रहरीले भाग्ने क्रममा बिहीबार राती मोरङ र झापाबाट पक्राउ गरेको हो। घटनामा अन्यको पनि संलग्नता हुन सक्ने आधारमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। इटहरी उपमहानगरपालिका २, हलगडामा बसोबास गर्दै आएकी दाहाल बुढाथोकी गत सोमबार दिउसो पाँचकन्या सामुदायिक वनमा कम्मर मुनिको भागमा कपडा नभएको अवस्थामा मृत फेला परेकी थिईन्। बाँकी ८ पेजमा

## झापाका धानमकैमा नयाँ रोग



**दमक**/ नेपालको सबै भन्दा धेरै धान र मकै उत्पादन हुने झापामा नयाँ रोग तथा किराहरु देखा पर्न थालेको छ। जलवायु परिवर्तनका कारण समयमा पानी नपर्दा धान, मकै र अन्य बालीमा नयाँ खालका रोग र किराले समस्या ल्याउन थालेको छ। कमल गाउँपालिका वडा नं. २ मा कमल गजुरेलले ८ कट्ठा जमिनमा चैते धान रोप्नु भयो। तर एक महिना नबित्दै कुन र के रोग लागेर हो धान एकाएक मर्न थालेको छ। लगाएको धान मध्ये आधा भन्दा धेरै मरिसकेको छ।

यस अघि चैते धानमा फङगसबाट हुने खालका रोगहरु मात्रै देखा पर्थे। तर यो बर्ष देखि ब्याक्टेरियाबाट हुने नयाँ खालका रोग र किरा समेत देखा परेको कमल गाउँपालिकाका कृषि प्राविधिक प्रेमप्रसाद पोखरेलले बताउनु भयो। पोखरेलका यस बर्ष ब्याक्टेरियाबाट रोग लाग्न थालेको छ। खासगरी चैते धानमा नयाँ प्रजातिको किरा र रोग देखा परेको हो। धानमा मात्र नभइ जलवायुको असर समग्र कृषि क्षेत्रमा नै देखा पर्न थालेको छ। बेमौषमी बर्षा र बाढीले एकातिर ठूलो क्षति गरिरहेको छ भने नयाँ रोग र किराका कारण समेत बालीमा क्षति पुग्न थालेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइ झापाका वरिष्ठ कृषि अधिकृत रविन्द्र सुवेदी बताउँछन्।

सुवेदीका अनुसार जलवायु परिवर्तनका असरबारे विभिन्न अध्ययन अनुसन्धानले जलवायु परिवर्तनका असर धेरै कृषि क्षेत्रमा परेको देखाएको छ। उहाँका अनुसार झापामै २ बर्ष यता धान पाक्ने बेला बाढी पहिरो तथा हावाहुरी र असिनाले धेरै असर गरेको छ। २०६१ साल देखि बन मन्त्रालय तथा कृषि तथा पशुपंक्षी मन्त्रालयले गरको अध्ययनबाट पनि जलवायुको असर देखा पर्न थालेको छ।

जलवायुको परिवर्तनले पानी पर्ने समयमा पानी नपर्ने र परी हाले पनि भारी बर्षा हुने कारणले धेरै असर गरेको छ। यस बाहेक अति गर्मीमा हुने विभिन्न रोग र किरा समेत झापा जिल्लामा गरिने कृषि बालीमा देखा परेको छ। अब किसानले मौषम हेरेर सोही अनुसार खेती बाँकी ८ पेजमा


## कोटेशन पेश गर्ने सम्बन्धी सूचना

खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको योजना क्षेत्र भित्र कार्यालयबाट तयार गरेको नक्शा बमोजिम कार्यालयबाट लाग्ने सम्पूण पाईप तथा फिटिङ्गका सामान उपलब्ध हुने र स्टोर बाट ढुवानी हुने, पाईपलाईन खन्ने पूर्ने विभिन्न साईजका पाईप जडान, भल्व जडानको दररेट साथै भल्व च्याम्बरको नक्शामा उल्लेखित साईजमा लाग्ने माल सामान सहित प्रति गोटाको दररेट कार्यालय बाट तयार गरेको कोटेशन भरी सूचना प्रकाशित गरेको मितिले ७ दिन भित्र पाईप जडान र भल्व च्याम्बरको छुट्टाछुट्टै शिलबन्दी कोटेशन पेश गर्न सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

**नोट : कोटेशन कार्यालयबाट उपलब्ध हुनेछ।**

**खानेपानी तथा सरसफाई उपभोक्ता संस्था**
दमक–झापा



## नव वर्ष २०८२ को हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको सुखद अवसरमा सम्पूर्ण नगरबासी दाजुभाई, दिदीबहिनीहरूमा सुख-शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिकोलागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**जनहितमा जारी सन्देश**

- आफ्नो वडा टोलहरु सफा राखौं ।
